# काठमाडौं महानगरपालिका

यें महानगरपालिका

# स्थानीय राजपत्र

काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ९) काठमाडौं, पौष ४ गते, २०८२ साल

**भाग १**

## काठमाडौं महानगरपालिका

## बालकोष परिचालन मापदण्ड, २०८२

**प्रस्तावनाः** काठमाडौँ महानगरपालिकाको बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८२ को दफा ४४ को खण्ड (ग) मा उल्लेखित “महानगर बाल अधिकार समितिसँग समन्वय गरी बालकोषको रकम खर्च गर्न वा सोको वितरण सम्बन्धी मापदण्ड बनाई लागू गर्ने “ भन्ने व्यवस्था बमोजिम महानगरपालिका क्षेत्रभित्र जोखिममा परेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई बालकोष मार्फत आर्थिक सहायता प्रदान गर्न कानुनी प्रबन्ध गर्न वाञ्छनीय भएकाले काठमाडौँ महानगरपालिका, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाबाट यो मापदण्ड स्वीकृत गरी लागु गरिएको छ।

## **परिच्छेद** (१)

## **प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस मापदण्डको नाम “काठमाडौँ महानगरपालिका बालकोष परिचालन मापदण्ड, २०८२” रहेको छ।

(२) यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ।

(ख) “उप-प्रमुख” भन्नाले काठमाडौँ महानगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(ग) “कार्यविधि” भन्नाले काठमाडौँ महानगरपालिकाको बाल संरक्षण तथा बाल अधिकार सम्बन्धी कार्यविधि, २०८० सम्झनु पर्छ।

(घ) “घटना व्यवस्थापन उपसमिति” भन्नाले महानगर बाल अधिकार समिति अन्तर्गत रही जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका र हिंसापीडित बालबालिकाको घटना व्यवस्थापन सम्बन्धी कार्य गर्न गठन भएको उपसमितिलाई सम्झनु पर्छ।

(ङ) "दीर्घकालीन स्याहार" भन्नाले अस्थायी संरक्षणमा रहने अवधि भन्दा लामो अवधिसम्म संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि अपनाइने स्याहारको विधि सम्झनु पर्छ।

(च) "प्राण घातक रोग" भन्नाले नेपाल सरकारले राजपत्रमा प्रकाशन गरेका प्राणघातक रोगहरु सम्झनु पर्छ।

(छ) "बाल उद्धार कार्यदल" भन्नाले महानगर बाल अधिकार समिति अन्तर्गत महानगरपालिका क्षेत्रभित्र जोखिममा परेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूचना दिन, उद्धार कार्य गर्न र उद्धार गरिएका बालबालिकाको अस्थायी संरक्षण लगायतका कार्यमा सघाउन कार्यविधिको दफा ( ११) बमोजिम गठन भएको कार्यदललाई सम्झनु पर्छ।

(ज) "महानगरपालिका" भन्नाले काठमाडौँ महानगरपालिका सम्झनु पर्छ।

(झ) "वैकल्पिक स्याहार" भन्नाले ऐनको दफा (४९) बमोजिमको वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाका निम्ति अपनाइने स्याहारको विधि सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले कार्यविधिको दफा (४३) बमोजिम गठित बालकोष सञ्चालक समिति सम्झनु पर्छ।

## **परिच्छेद** (२)

## **बालकोषको क्षेत्र र सिमा**

३. **रकम खर्च गर्ने क्षेत्रहरुः**

(१) कार्यविधिको दफा ४२ बमोजिम स्थापना भएको बालकोषको रकम दफा ४६ मा उल्लिखित प्रयोजनका अतिरिक्त देहायका कार्यहरुमा खर्च गरिनेछः

(क) महानगरपालिका क्षेत्रभित्र जोखिममा परेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्ने, उद्धार, राहत, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण, कानुनी परामर्श लगायत अन्य सेवा तथा सहयोग प्रदान गर्ने,

(ख) बालबालिका विरुद्धको कसुरबाट पीडित वा हिंसापीडित बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, कानुनी सहायता, शैक्षिक प्रबन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण, लगायत अन्य सेवा तथा सहयोग प्रदान गर्ने,

(ग) विपदमा परेका बालबालिकाको निम्ति तत्काल आवास, खाना, लत्ताकपडा, स्वास्थ्य उपचार लगायत तत्काल आकस्मिक रुपमा प्रदान गर्नुपर्ने सेवा तथा सहयोग प्रदान गर्ने,

(घ) सडक बालबालिकाको उद्धार तथा व्यवस्थापन गर्ने,

(ङ) बाल अधिकारबाट बञ्चित बालबालिकाको अधिकार उपभोग गराउन,

(च) प्राणघातक रोगबाट पीडित बालबालिकाको जीवन रक्षार्थ स्वास्थ्य उपचार गर्ने,

(२) कार्यविधिको दफा ४७ ले तोके बमोजिमको बालकोषको रकम खर्च गर्ने सिमा सामान्यतः अनुसूचि १ मा उल्लेख गरेबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको रकम हेरफेर गर्नुपर्ने भएमा समितिको सिफारिसमा महानगर बाल अधिकार समितिबाट हुनेछ।

## परिच्छेद -३

## बालकोष सञ्चालन विधि र प्रकृया

४. **निवेदन दिनु पर्ने:**

(१) यस मापदण्ड बमोजिमको सहयोग माग गर्नको लागि बालबालिका स्वयम् वा परिवारका सदस्य वा संरक्षकले अनुसूची २ को ढाँचामा संलग्न कागजात सहित वडा बाल अधिकार समिति वा महानगरपालिकाको बालकल्याण अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) को अतिरिक्त जोखिममा परेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको सूचना प्राप्त भई घटना व्यवस्थापन उपसमितिले जाँचबुझ गरी आर्थिक सहयोग उपलब्ध गराउन सिफारिस सहितको प्रतिवेदन पेश गर्न सक्नेछ।

(३) जोखिममा परेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आर्थिक सहयोगका लागि बालबालिका सम्बन्धी कार्य गर्ने अन्य निकाय वा स्थानीय तहले सिफारिस गर्न सक्नेछ।

५. **समितिले निर्णय गर्नुपर्ने:** दफा ४ बमोजिम प्राप्त हुन आएको निवेदन, प्रतिवेदन, सिफारिस सम्बन्धमा देहाय बमोजिम प्रक्रिया पूरा गर्नुपर्नेछः

(क) बाल कल्याण अधिकारीले आफू समक्ष पेश हुन आएका वा वडा बाल अधिकार समिति मार्फत पेश भएका निवेदन तथा प्रतिवेदन सम्बन्धमा जाचँबुझ तथा लेखाजोखा गर्न आवश्यक देखिएमा समाजसेवी वा बालमनोविज्ञलाई कार्यदेश दिई प्रतिवेदन लिनुपर्नेछ।

(ख) समाजसेवी वा बालमनोविज्ञले अनुसूचि ३ बमोजिमको ढाचाँमा बालकोषबाट प्रदान गर्नुपर्ने सहायता रकम सम्बन्धमा राय सहित जाचँबुझ तथा लेखाजोखा प्रतिवेदन बाल कल्याण अधिकारीसमक्ष पेश गर्नुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिमको प्रतिवेदन बालकल्याण अधिकारीले आवश्यक निर्णयका लागि समिति समक्ष पेश गर्नुपर्नेछ।

(घ) समितिले गरेको निर्णय कार्यान्वयन गर्नु बाल कल्याण अधिकारीको कर्तव्य हुनेछ।

६. **जाँचबुझको आधारः** दफा ५ (ख) बमोजिमको जाँचबुझ र लेखाजोखा प्रतिवेदन तयार गर्दा समाजसेवी वा बालमनोविज्ञले देहायको आधारमा गर्नुपर्नेछः

(१) सिफारिस भई आएका बालबालिकाको सम्बन्धमा स्थलगत निरीक्षण, परिवार तथा समाजका जानकार अन्य व्यक्तिसँग अन्तरक्रिया,

(२) बालबालिकाको तत्कालीन न्यूनतम आवश्यकताको पहिचान,

(३) बालबालिकाको सर्वोत्तम हितको लेखाजोखा,

(४) बालबालिका तथा निजलाई संरक्षणमा राख्ने परिवारका सदस्यहरूसँग परामर्श,

(५) महानगरपालिकाभन्दा बाहिरका बालबालिकाको हकमा निजको स्थानीय तहसँग विशेष संरक्षणको आवश्यकता भए नभएको र वैकल्पिक हेरचाहको आवश्यकता भए नभएको प्रतिवेदन सहित पारिवारिक, सामाजिक तथा आर्थिक पक्ष सम्बन्धी जानकारी,

(६) पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना हुने बालबालिकाको हकमा जोखिम मूल्यांकनको प्रतिवेदन,

(७) अन्य कुनै सरकारी तथा गैरसरकारी निकायबाट कुनै किसिमको सहयोग लिए नलिएको जाँचबुझ गरी लेखाजोखा,

(८) स्वास्थ्य परीक्षण तथा औषधी उपचार सम्बन्धी कागजात,

(९) अन्य आवश्यक कुरा।

## परिच्छेद -४

## बालकोषको प्रभावकारी कार्यान्वयन

७. **एकद्वार प्रणाली लागू गरिने:**

(१) यस मापदण्ड बमोजिम आर्थिक सहायता प्रदान गर्दा एकद्वार प्रणाली अवलम्बन गरिनेछ।

(२) लाभान्वित बालबालिकाले अन्य कुनै सरकारी वा गैर सरकारी निकायहरुबाट प्राप्त गर्ने वा प्राप्त गर्न गईरहेको आर्थिक सहायता सम्बन्धी विवरण समेत निवेदनमा खुलाउनु पर्नेछ।

(३) यस मापदण्ड बमोजिम तयार गरिएको जाचँबुझ तथा लेखाजोखा प्रतिवेदन एक चरणको लागि एकपटक मात्र सहयोग गरिनेछ।

८. **समितिको बैठक:** समितिको बैठक आकस्मिक रुपमा बस्नुपर्ने अवस्थामा बाहेक प्रत्येक महिनामा एक पटक बस्नेछ।

९. **तालिम प्रदान गर्नुपर्ने:** बालकोषको प्रभावकारी परिचालनका लागि समितिका सदस्य, बाल उद्धार कार्यदल,घटना व्यवस्थापन उप समितिका सदस्यहरु लगायत अन्य सम्बद्ध पदाधिकारी, कर्मचारी र संस्थालाई तालिम तथा अभिमुखिकरण सञ्चालन गरिनेछ।

१०. **अभिलेख राख्नुपर्ने :**

(१) यस मापदण्ड बमोजिम उपलब्ध गराइएको सहयोग रकमको खर्च र उपयोगिता सम्बन्धी अभिलेख अनुसूचि ४ बमोजिमको अभिलेख किताब खडा गरी दुरुस्त राख्नुपर्नेछ।

(२) प्रत्येक बालबालिकालाई उपलब्ध गराइएको सहयोग सम्बन्धमा भएका निवेदन, प्रतिवेदन, निर्णय, बिल भरपाई लगायतका सम्पूर्ण कागजातहरु समावेश भएको अनुसूचि ५ बमोजिमको छुट्टाछुट्टै फाइल खडा गरी दुरुस्त राख्नु पर्नेछ।

## परिच्छेद –५

## विविध

११. **बैंक प्रणाली प्रयोग गरिने:** यस मापदण्ड बमोजिमको सहयोग उपलब्ध गराउँदा सम्भव भएसम्म प्राथमिकताका आधारमा बालबालिकाको जैविक बाबुआमा, एकाघरका परिवारका सदस्य, नातेदार तथा आफन्त र कानुनी संरक्षकलाई बैंकिङ प्राणाली मार्फत् भुक्तानी गरिनेछ।

१२. **बिल भरपाई पेश गर्नुपर्ने:** वस्तु तथा सेवा खरिद वापत सहयोग माग गर्दा निवेदन दिँदाको अवस्थामा र सहयोग रकम लिई वस्तु तथा सेवा खरिद गरेमा सोको सक्कल बिल तथा भरपाई अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।

१३. **प्रतिवेदन लिने:** आर्थिक सहायता उपलब्ध गराई सकेपश्चात समय समयमा सोको उपयोगिता सम्बन्धमा सम्बद्ध व्यक्ति, संस्था वा सम्बन्धित स्थानीय तहसँग प्रतिवेदन लिइनेछ।

१४. **जानकारी गराउने:** यस मापदण्ड बमोजिम उपलब्ध गराइएको सहयोग सम्बन्धमा बालबालिकाको सम्बन्धित स्थानीय तहलाई जानकारी गराइनेछ।

१५. **सहकार्यमा सहयोग उपलब्ध गराइने:** संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह तथा सरकारी र गैरसरकारी निकाय तथा संस्थासँग आर्थिक सहायताको अनुपात निर्धारण गरी यस मापदण्ड बमोजिमको सहयोग रकम उपलब्ध गराई एक आपसमा सहकार्य गर्न सकिनेछ।

१६. **व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार:** यस मापदण्डको सम्बन्धमा कुनै व्याख्या गर्नु परेमा वा कार्यान्वयनका क्रममा आएका बाधा अड्काउ फुकाउनु पर्ने भएमा कार्यविधि र मापदण्डको उद्देश्य र प्रावधान प्रतिकुल नहुने गरी महानगर बाल अधिकार समितिले गर्न सक्नेछ।

## अनुसूची -१

**(दफा (३) को उपदफा (२) सँग सम्बन्धित)**

**बालकोषको रकम खर्च सिमा**

**तालिका (क)**

| क्र. सं. | शीर्षक | प्रदान गर्न सकिने अधिकतम रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १. | बालबालिकाको तत्काल अस्थायी संरक्षणका लागि बालगृहमा रहेका बालबालिकालाई उपलब्ध गराउने सहयोग रकम | तालिका ख बमोजिम | महानगरपालिकाको परामर्श कक्षबाट प्रदान हुने सेवा सुविधामा दोहोरो नपर्ने गरी प्रदान गरिने |
| २. | महानगरपालिकाले सञ्चालन गर्ने अस्थायी संरक्षणमा रहेका बालबालिका वा उद्धार गरिएका बालबालिकाको तत्काल स्वास्थ्य उपचार | बिल भरपाई अनुसारकोअधिकतम रु. २५,००० (पच्चीस हजार) सम्म | सम्भव भएसम्म महानगरपालिकाको निःशुल्क उपचार सेवा प्रदान गर्ने र सो सम्भव नभएमा मात्रै बिल भरपाई बमोजिम हुने गरी |
| ३. | प्राणघातक रोगको उपचार | बिल भरपाई अनुसारकोअधिकतम रु. १,००,००० (एक लाख) सम्म | संघीय तथा प्रदेश सरकारको कार्यक्रमसँग दोहोरो नहुने गरी सम्भव भएसम्म महानगरपालिकाको निःशुल्क उपचार सेवा प्रदान गर्ने र सो सम्भव नभएमा मात्रै बिल भरपाई बमोजिम हुने गरी |

| क्र. सं. | शीर्षक | प्रदान गर्न सकिने अधिकतम रकम (रु.) | कैफियत |
|---|---|---|---|
| ४. | स्वास्थ्य बिमा | नेपाल सरकारको प्रचलित नियमानुसार | काठमाडौं महानगरपालिकाले उद्धार गरेका बालबालिकाका लागि स्वास्थ्य बिमामा आवद्ध गराउन सकिने |
| ५. | महानगरपालिका भित्र स्थायी बसोबास भएका अनाथ बालबालिकालाई सहयोग | मासिक २००० रकम थप गर्ने | बाग्मती प्रदेश सरकारले प्रदान गर्ने मासिक रु. २,००० मा थप रकम |
| ६. | जोखिमपूर्ण श्रमबाट उद्धार गरिएका १५ वर्षभन्दा माथिका बालबालिकाको सीप तथा रोजगारमूलक तालिम | ६०,००० सम्म | एकपटक प्रदान गर्न सकिने |
| ७. | व्यवसाय सुरु गर्न बिउ पुँजी | अधिकतम रु. १,००,००० सम्म | एकपटक प्रदान गर्न सकिने |
| ८. | परिवारमा पुनर्मिलन गराइने बालबालिकाको लागि शैक्षिक सहयोग | एकमुष्ट रु. १५,००० | एकमुष्ट एकपटक |
| ९. | परिवारमा पुनर्मिलन गराइने बालबालिकाको जीविकोपार्जन सहयोग | अधिकतम रु. ५०,००० सम्म | एकमुष्ट एकपटक |
| १०. | वैकल्पिक स्याहार अन्तर्गत दीर्घकालिन स्याहारका लागि बालगृहमा पठाइएका बालबालिकाको लागि उपलब्ध गराइने सहायता रकम (प्रति बालबालिका) | तालिका ख बमोजिम | |

| क्र. सं. | शीर्षक | प्रदान गर्न सकिने अधिकतम रकम (रु.) | कैफियत |
|---|---|---|---|
| ११. | वैकल्पिक स्याहार अन्तर्गत इच्छुक व्यक्ति वा परिवार वा परिवारमा आधारित हेरचाह गर्ने संस्थामा पठाइएका बालबालिकाको लागि उपलब्ध गराइने सहायता रकम | प्रति बालबालिका मासिक रू. २००० | माग भएको अवस्थामा प्रदान गर्न सकिने |
| १२. | विपद्मा तत्काल राहत सामग्री उपलब्ध गराउने (बालबालिका लक्षित राहत सामाग्री रहेको किट उपलब्ध गराउने) | आवश्यकता बमोजिम समितिले निर्णय गरे बमोजिमको रकम। | |
| १३. | कानुनी सहायता | महानगरपालिकाको प्रचलित नियमानुसारको रकम | |
| १४. | आमा वा बाबु कुनै एकको मृत्यु, बेपत्ता, दोश्रो विवाह गरी बसेको, बाबुको पहिचान नभएको वा पूर्ण अपाङ्गता भएको अभिभावकसँग बसि जीविकोपार्जनमा कठिनाई भएको खण्डमा उपलब्ध गराइने सहायता रकम | १०,००० सम्म | वार्षिक रुपमा एक पटक |

| क्र. सं. | शीर्षक | प्रदान गर्न सकिने अधिकतम रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १५. | अपांगता भएका बालबालिकाको विशेष उपचार खर्च (जटिल शल्यक्रिया) | बिल भरपाई अनुसारको अधिकतम रु. २५,००० (पच्चीस हजार) सम्म | |
| १६. | अपांगता भएका बालबालिकाको दैनिकी सहजताका लागि आवश्यक सामाग्री खरिद | आवश्यकता बमोजिम समितिले निर्णय गरे बमोजिमको रकम। | महानगरपालिकाको कार्यक्रमसँग दोहोरो नपर्ने गरी |
| १७. | महानगरपालिका क्षेत्रभित्रका जोखिममा परेका वा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल परिवारकै सदस्यसँग संरक्षणमा राख्नका लागि आवश्यक पर्ने रकम | अधिकतम रु. १५,००० सम्म। | समाजसेवी वा बालमनोविज्ञको लेखाजोखा प्रतिवेदन बमोजिम |
| १८. | महानगरपालिका क्षेत्र भित्रका आमा बाबु दुबैको मृत्यु भई वा एकको मृत्यु भई आमा वा बाबुले अर्को विवाह गरी वा ऐन बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिका १६ वर्ष उमेर पुरा गरी आफै घरमुली भएका बालबालिकाको लागि जीविकोपार्जन सहयोग | अधिकतम रु. ५०,००० सम्म। | एकपटक। |

| क्र. सं. | शीर्षक | प्रदान गर्न सकिने अधिकतम रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १९. | महानगरपालिका क्षेत्रभित्रका बौद्धिक तथा इन्द्रिय सम्बन्धी दीर्घकालीन अशक्तता भएका बालबालिकाका लागि सहयोग | आवश्यकता बमोजिम समितिले निर्णय गरे बमोजिमको रकम। | |
| २०. | महानगरपालिका क्षेत्रभित्र सडकबाट उद्धार गरिएका बालबालिकाको संरक्षण | बालगृहमा संरक्षणमा रहदाँको बखत तालिका ख बमोजिमको सहायता र सो बाहेकको हकमा आवश्यकता बमोजिम समितिले निर्णय गरे बमोजिमको रकम। | नेपाल सरकारको मापदण्ड बमोजिम हुने गरी खेलकुद र सिप प्रदान गर्न सकिने |
| २१. | आमा बाबु दुबै मानसिक रोगी, बेपत्ता, पूर्ण अपाङ्गता भई उनीहरुबाट उचित संरक्षण पाउन नसकेका बालबालिका | आवश्यकता बमोजिम समितिले निर्णय गरे बमोजिमको रकम। | |
| २२. | अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम | अदालतको आदेशानुसार तोकिएको रकम | फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ बमोजिम खडा भएको कोषसगँ दोहोरो नपर्ने गरी |

| क्र. सं. | शीर्षक | प्रदान गर्न सकिने अधिकतम रकम (रु.) | कैफियत |
|---|---|---|---|
| २३. | लागूऔषध दुर्व्यसनमा रहेका अभिभावकका साथमा रहेका बालबालिका / लागूऔषध दुर्व्यसनमा रहेका बालबालिकाको लागि पुनर्स्थापना केन्द्रमा संरक्षण राख्ने | मासिक १०,००० | नेपाल सरकारको मापदण्ड बमोजिम |
| २४. | उद्धार गरिएका र महानगरपालिका क्षेत्रभित्र रहेका बालगृहमा आश्रित बालबालिकालाई शैक्षिक प्रबन्धका लागि सहयोग रकम | आवश्यकता बमोजिम समितिले निर्णय गरे बमोजिमको रकम। | |

**तालिका (ख) : अस्थायी वा दीर्घकालिन स्याहारमा बालगृहमा रहेका बालबालिकालाई उपलब्ध गराउने सहयोग रकम**

| क्र. सं.. | विषयवस्तु | प्रति बालबालिका उमेर अनुसार लागत खर्च अनुमान | | | कैफियत (मासिक/वार्षिक) |
|---|---|---|---|---|---|
| | | (५ वर्ष मुनि) | (५ –१० वर्ष) | (१०–१८ वर्ष ) | |
| १. | खाना/खाजा | १०,००० | ५,००० | ५,००० | मासिक |
| २. | लत्ताकपडा | ५,००० | ५,००० | ५,००० | अस्थायी संरक्षणमा रहने बालबालिकाका लागि एकपटकका लागि र दीर्घकालिन स्याहारमा रहने बालबालिकाका लागि वार्षिक २ पटक प्रदान गर्न सकिने |

| क्र. सं.. | विषयवस्तु | प्रति बालबालिका उमेर अनुसार लागत खर्च अनुमान | | | कैफियत (मासिक/वार्षिक) |
|---|---|---|---|---|---|
| | | (५ वर्ष मुनि) | (५ -१० वर्ष) | (१०-१८ वर्ष ) | |
| ३. | विद्यालय ड्रेस, शैक्षिक सामाग्री | - | १५,००० | १५,००० | दीर्घकालिन स्याहारमा रहने बालबालिकाका लागि मात्र वार्षिक रुपमा एकपटक प्रदान गर्न सकिने |
| ४. | चाडपर्व मनाउने खर्च | ३,००० | ७,००० | १०,००० | दीर्घकालिन स्याहारमा रहने बालबालिकाका लागि मात्र वार्षिक रुपमा एकपटक प्रदान गर्न सकिने (अस्थायी संरक्षणमा रहेका बालबालिकाका लागि चाडपर्वका बखत) |
| ५. | स्वास्थ्य उपचार र सरसफाई | ५,००० | ३,००० | ३,००० | वार्षिक रुपमा एकपटक प्रदान गर्न सकिने |
| ६. | खेलकुद तथा बालसहभागिता | २,००० (खेलौना) | ३,००० | ५,००० | दीर्घकालिन स्याहारमा रहने बालबालिकाका लागि मात्र वार्षिक रुपमा एकपटक प्रदान गर्न सकिने । बालसहभागिता भन्नाले बालबालिकाको संलग्नता बुझिन्छ । |

## अनुसूची –२

**(दफा (४) को उपदफा (१) सँग सम्बन्धित)**

### निवेदनको ढाँचा

मितिः................

श्री संयोजकज्यू,

..... नं. वडा बाल अधिकार समिति

काठमाडौं महानगरपालिका ।

वा श्री बाल कल्याण अधिकारीज्यू,

काठमाडौं महानगरपालिका

**विषयः सहयोग रकम माग गरिएको बारे ।**

प्रस्तुत विषयमा .............. जिल्ला ...................... पालिका वडा नं. ..... स्थायी ठेगाना भई हाल काठमाडौं महानगरपालिका वडा नं.... बसोबास गर्ने वर्ष ....... का .......................................... (बालक/बालिका) लाई ............................................ समस्या परेको हुँदा आर्थिक अवस्था कमजोर भएका कारण ...................... आर्थिक सहायता आवश्यक परेकाले तहाँ समिति वा अधिकारी मार्फत काठमाडौं महानगरपालिकाको बालकोष सञ्चालक समितिलाई आवश्यक सिफारिस गरिदिनुहुन विनम्र अनुरोध गर्दछु । आवश्यक कागजातहरु समेत संलग्न गरी पेस गरेको छु ।

नाम थरः................................. जन्म मिति .....................

बाबुको नाम थरः.......................................

आमाको नाम थरः.......................................

संरक्षकको नाम थरः..............................................

हाल बालगृहमा रहेको भएमा

बालगृहको नामः

**तपसिलः**

१. निवेदकको नागरिकताको प्रतिलिपि वा सम्बन्धित बालबालिकाको जन्मदर्ताको प्रतिलिपि वा परिचय खुल्ने आधिकारिक निकायबाट जारी भएको प्रमाण पत्रको प्रतिलिपि

२. विद्यालय भर्ना गरेको भए सो को कागजातको प्रतिलिपि

३. स्वास्थ्य उपचारका लागि सहायता रकम माग गरिएको हो भने अस्पतालको सिफारिस पत्र

४. कानुनी सहायताका लागि अभियोगपत्र/जाहेरी वा काठमाडौँ महानगरपालिकाको मनोसामाजिक प्रतिवेदन

**निवेदक**

दस्तखतः

नाम थरः

नाता सम्बन्धः

सम्पर्क नं.:

## अनुसूची -३

**(दफा (५) खण्ड (ख) सँग सम्बन्धित)**

**समाजसेवी वा बालमनोविज्ञले बाल कल्याण अधिकारीसमक्ष पेश गर्ने जाचँबुझ तथा लेखाजोखा प्रतिवेदनको ढाँचा**

मितिः ...........

श्री बाल कल्याण अधिकारीज्यू,

काठमाडौं महानगरपालिका

**विषयः लेखाजोखा प्रतिवेदन पेस गरिएको बारे ।**

प्रस्तुत विषयमा मिति ........... गतेको कार्यादेश अनुसार तपसिल बमोजिमको लेखाजोखा प्रतिवेदन पेस गरेको छु ।

बालबालिकाको नाम थरः (परिवर्तित नाम भए सो प्रयोग गर्ने)

उमेर ः ..... वर्ष

**तपसिलः**

१. पृष्ठमूमि

२. व्यक्तिगत, पारिवारिक तथा सामाजिक लेखाजोखा सहित घटनाको संक्षिप्त विवरण

३. बालबालिकाले भोग्नुपरेको मूल समस्याको पहिचान

४. बालबालिकाको सर्वोत्तम हितको लेखाजोखा

५. बालकोषबाट प्रदान गर्नुपर्ने सहायता रकमको राय सहित निष्कर्ष

पेश गर्नेः

...............................

नाम थरः

समाजसेवी/बालमनोविज्ञ

काठमाडौं महानगरपालिका

## अनुसूची -४

### (दफा (१०) को उपदफा (१) बमोजिम )

### बालकोषको रकम खर्च र उपयोगिता सम्बन्धी अभिलेख किताबको ढाँचा

| क्र. सं. | मिति | बालबालिकाको नाम | निवेदकको नाम र नाता | बालबालिकालाई परेको समस्या | बिनियोजित बजेट | अनुगमनको जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची -५

**(दफा (१०) को उपदफा (२) सँग सम्बन्धित )**

**लाभान्वित बालबालिकाको अभिलेख फाईलको ढाँचा**

बालबालिकाको संक्षिप्त विवरणः

नामथर : ............................ उमेर : ....... लिङ्ग : .......

स्थायी ठेगाना : ...............................

अस्थायी ठेगाना : ...............................

हजुरबुवाको नाम : ...............................

हजुरआमाको नाम : ...............................

आमाको नाम : ...............................

बाबुको नाम : ...............................

बाबुको नागरिकता प्रमाणपत्र नं. : ...............................

अध्ययन गरिरहेको विद्यालयको नाम : ...............................

कक्षा : ...................... विद्यालयको ठेगाना : .......................

अभिभावक/संरक्षकको नाम, नाता र सम्पर्क नं. : ...........................

**संलग्न कागजातहरु :**

१. उद्धार गरेको बालबालिका भए उद्धारका बखतको मुचुल्का
२. जिम्मा लिने अभिभावक/संरक्षक वा परिवारका सदस्यको नागरिकताको प्रतिलिपि
३. जन्मदर्ता प्रमाण पत्र वा उमेर खुल्ने आधिकारिक कागजातको प्रतिलिपि
४. लेखाजोखा प्रतिवेदन
५. मनोसामाजिक प्रतिवेदन
६. उपचार गराईरहेको भए बालबालिकाको अस्पतालको स्वास्थ्य उपचार सम्बन्धी कागजात/सिफारिस पत्र आदि
७. अन्य सम्बन्धित कागजातहरु

आज्ञाले

स्वीकृत मितिः २०८२/०९/०४

सरोज गुरागाईँ

ने.सं. ११४६ थिंल्लागा आमै

प्रमुख प्रशासकीय अधिकृत